# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ६** **संख्या ५** **मिति २०७९/०६/०६**


पालुङटार नगरपालिकाको कगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमकोकार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०६।०६

**प्रस्तावनाः** बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बाल अधिकारको सम्मान, पालना, सम्बर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ र पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यविधि पालुङटार नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "उपप्रमुख" भन्नाले पालुङटार नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन २०७५ सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले बालअधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र नगरपालिकासँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैर नाफामूलक सामाजिक संस्था सम्झनु पर्दछ ।

(च) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) "प्रधान संरक्षक" भन्नाले विद्यालयमा गठन भएका बाल क्लव तथा संरक्षक शिक्षकलाई नियमित रुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापक एवं समुदायको हकमा सम्बन्धित वडाको बाल संरक्षण समितिको तोकिएको सदस्य वा वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ज) "प्रमाणपत्र" भन्नाले पालुङटार नगरपालिका कार्यालयमा सूचीकृत भएका बाल क्लवहरुलाई दिइने सूचीकृत प्रमाणपत्र सम्झनु पर्दछ ।

(झ) "प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुख सम्झनु पर्दछ ।

(ट) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, एका संगोलका दाजुभाई, दिदीबहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एका संगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

(ठ) "बाल कल्याण कोष" भन्नाले बाल अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि वडा तथा नगरपालिकामा खडा गरिएको बाल कल्याण कोष सम्झनु पर्दछ ।

(ड) "बाल क्लव" भन्नाले विद्यालय तथा समुदाय स्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका पालुङटार नगरपालिकामा सूचीकृत भई सञ्चालनमा रहेका बाल समूह सम्झनु पर्दछ ।

(ढ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नगरेका व्यक्ति सम्झनु पर्दछ ।

(ण) "बालबालिका डेक्स" भन्नाले पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेक्स सम्झनु पर्दछ ।

(त) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले दफा ४ बमोजिम गठन भएका समिति सम्झनु पर्दछ ।

(थ) "बाल विकास केन्द्र" भन्नाले पालुङटार नगरपालिकाका तथा वडाका समुदाय स्तरमा स्थापना भएका बाल विकास केन्द्र सम्झनु पर्दछ ।

(द) "बाल सञ्जाल" भन्नाले नगरपालिका तथा वडा स्तरमा गठन भएका बालबालिका तथा बाल क्लवहरुको सञ्जाल सम्झनु पर्दछ ।

(ध) "बाल संरक्षण समिति" भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि गठन गरिएको पालुङटार नगरपालिका स्तरीय, वडा स्तरीय र समुदाय स्तरीय समिति सम्झनु पर्दछ ।

(न) "वडा" भन्नाले पालुङटार नगरपालिकाको वडा सम्झनु पर्दछ ।

(प) "वडा अध्यक्ष" भन्नाले पालुङटार नगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

(फ) "सर्म्पक व्यक्ति " भन्नाले पालुङटार नगरपालिकाले नगरपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

(ब) "सभा" भन्नाले पालुङटार नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(भ) "संरक्षक" भन्नाले बालबालिकाको हक हितको संरक्षण गर्न बालबालिका ऐन, २०७५ र प्रचलित कानून बमोजिम वालिक भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनुपर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा संरक्षक शिक्षक वा माथवरलाई समेत जनाउँछ ।

(म) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) बालबालिकाका सबै प्रकारको अधिकार संरक्षण तथा सम्वर्द्धन गर्ने,

(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्ति क्षेत्र अभियान प्रवर्द्धन गर्ने,

(ग) बालबालिकासँग सरोकार राख्ने स्थानीय विकासका हरेक प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

(घ) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, हानी र जोखिम न्यूनीकरण गर्ने,

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्याङ्क, जन्मदर्ता) व्यवस्थापन गर्ने,

(च) बालअधिकार संरक्षण र सम्बर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने ।

## परिच्छेद २

## बालमैत्री शासन समिति, बालबालिका डेक्सको स्थापना र सञ्चालन

४. **बालमैत्री स्थानीय शासन समिति गठन :** बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको विषयमा नगरपालिकाको नीति, संरचना, पद्धति र कार्य प्रक्रियामा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन नगर स्तरिय समिति रहनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) वडा अध्यक्ष (सवै) - सदस्य

(ङ) नगर कार्यपालिका सदस्य, (सवै) - सदस्य

(च) महाशाखा/शाखा प्रमुखहरु (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई, गैर सरकारी संस्था समन्वय ) - सदस्य

(छ) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संघ संस्था मध्येबाट नगर प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधि - सदस्य

(ज) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि - सदस्य

(झ) नगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविका

मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि -सदस्य

(ञ) नगरपालिका स्तरीय बालक्लव सञ्जालका अध्यक्ष सहित (२ जना)

(कम्तीमा १ जना बालिका समेत) - सदस्य

(ट) महिला र बालबालिकाको कार्यमा काम गर्ने सामुदायिक संस्था वा

समूहमध्ये नगर प्रमुखले तोकेको महिला प्रतिनिधि (१ जना) - सदस्य

(ठ) नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालयका प्रमुख १ जना - सदस्य

(ड) नगरस्तरिय जेष्ठ नागरिक सञ्जालका अध्यक्ष १ जना - सदस्य

(ण) लैंगिक तथा यौनिक अल्पसंख्यकहरु मध्येबाट प्रतिनिधि १ जना - सदस्य

(त) नगर स्तरिय अपाङ्गता सञ्जालका अध्यक्ष १ जना - सदस्य

(थ) नगर स्तरिय किशोरी सञ्जालका अध्यक्ष १ जना - सदस्य

(द) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

**५. बालमैत्री स्थानीय शासन समितिको काम, कर्तव्य र अधिकारः** बालमैत्री स्थानीय शासन समितिको काम, कर्तव्य देहाय बमोजिमको हुनेछ :-

(क) बालमैत्री स्थानीय शासन सम्बन्धी नगरस्तरको नीति, रणनीति, कार्यविधि तयार गर्ने र यस पद्धितको प्रवर्द्धन गर्न नगरपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,

(ख) बालमैत्री स्थानीय शासन पद्धितको प्रर्वद्धन गर्ने,

(ग) बालमैत्री स्थानीय शासन पद्धितको लागि लगानी योजना। वार्षिक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्न सहयोग गर्ने,

(घ) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नगरपालिकाबाट स्वीकृत कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने,

(ङ) वडा तथा समुदाय स्तरमा रहेको समितिको भूमिका प्रभावकारी बनाउन सहयोग गर्ने,

(च) बालक्लव तथा बाल सञ्जाल गठन तथा परिचालनमा सहयोग गर्ने,

(छ) नगरपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवं गैर सरकारी संघसंस्था बीच आवश्यक समन्वय गर्ने/गराउने,

(ज) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्य अनुसूची १ बमोजिम भए नभएको अनुगमन र मूल्याङ्कन गर्ने/गराउने ।

**६. बालबालिका डेक्सको स्थापना :** (१) प्रत्येक वडा कार्यालयमा र नगरपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ। बालबालिका डेक्स सञ्चालन गर्नको लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ।

(२) सबै प्रकारका बालबालिकाको तथ्याङ्क र सूचनाको अद्यावधिक गर्ने कार्य उपदफा (१) बमोजिम स्थापना भएको बालबालिका डेस्कले गर्नेछ।

*“स्पष्टीकरण” सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ।*

**७. बालबालिका डेक्सको काम, कर्तव्य, र संचालन देहाय बमोजिम हुनेछ :-**

(क) बालक्लव तथा बाल सञ्जालहरुको सूचीकृत गर्ने।

(ख) बालबालिका, नगरपालिका र सरोकारवालाहरु बीच सम्बन्ध र समन्वय विस्तार गर्ने।

(ग) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बाल क्लव, बाल क्लव सञ्जालहरु बीच समन्वय र सहकार्य गर्ने।

(घ) बाल अधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने।

(ङ) बाल क्लब, बाल क्लब सञ्जाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने।

(च) नगरपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने।

**८. बाल संरक्षण समिति गठन :** (१) नगरपालिकामा देहाय बमोजिमको बाल संरक्षण समिति गठन गरिने छ।

(क) नगर उपप्रमुख - संयोजक

(ख) कार्यपालिकाले मनोनयन गरेको वडा समिति सदस्यहरु मध्येबाट १ जना - सदस्य

(ग) नगरपालिकाको बाल क्लब सञ्जालबाट (१ जना बालिका समेत) २ जना - सदस्य

(घ) महिला स्वास्थ्य स्वयम्सेविकाहरु मध्येबाट १ जना - सदस्य

(ङ) नगरपालिकामा बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु

मध्येबाट  १ जना - सदस्य

(च) नगर शिक्षा समितिबाट १ जना - सदस्य

(छ) संरक्षक शिक्षकहरु मध्येबाट १ जना - सदस्य

(ज) आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछाडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुने गरी १ जना महिला सहित २ जना - सदस्य

(झ) नगरपालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख १ जना - सदस्य

(ञ) नगरपालिकाले मनोनयन गरेका बाल मनोविज्ञान विज्ञ मनोविमर्शकर्ता १ जना - सदस्य

(ट) अपाङ्गता भएकाहरुको संस्थावाट १ जना - सदस्य

(ठ) NGO / INGO प्रतिनिधि १ जना - सदस्य

(ठ) बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति - सदस्य सचिव

(२) नगरपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा पेश गर्ने कार्य बाल संरक्षण समितिले गर्नेछ ।

*स्पष्टीकरणः विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले आमाबाबु, अभिभावक विहिन अनाथ बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, कानूनी विवादमा परेका बालबालिका मध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबुआमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा वेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जवरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,*

*बालबालिका विरुद्ध हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबु मध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रुपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका, परित्यक्त तथा सडकमा आश्रित बालबालिका, कानून बमोजिम तोकिएका अन्य बालबालिकालाई बुझाउनेछ ।*

९. **बाल संरक्षक समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय बाल अधिकार संरक्षक समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) पालुङटार नगरपालिकामा बालबालिकाको क्षेत्रका कार्यरत संघसंस्था, बाल क्लब, मञ्च, समूह, बाल संरक्षण समिति, न्यायिक समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको सम्बर्द्धनात्मक र संरक्षणात्मक क्रियाकलापहरु अनुसूची २ बमोजिम गर्ने/गराउने ।

(ख) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

(ग) बाल अधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने ।

(घ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(ङ) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरी दिने ।

(च) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(छ) बाल संरक्षणका विषयमा वकालत गर्ने र बालमैत्री स्थानीय शासनलाई बाल संरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(ज) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विषेश गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

(झ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरु (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृति, आय आर्जन, आदि) को लागि नगरपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारिसको प्रबन्ध मिलाउने ।

(ञ) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरु हुन नदिन नियमित अनुगमन गर्ने ।

(ट) बालबालिकासँग सम्बन्धित दिवसहरु पालिका स्तरीय निकायहरुसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

(ठ) वडा बाल संरक्षण समितिहरु, बालक्लब सञ्जालहरु, सरोकारवालाहरु र नगरपालिका बीच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

(ड) नगरपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

**१०. बाल संरक्षण समितिको बैठक व्यवस्था :** बाल संरक्षण समितिको देहाय अनुसारको बैठक व्यवस्था रहनेछ :-

(क) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । वहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) नगरपालिकास्तरीय बालसंरक्षण समितिको पदावधि पाँच वर्षको हुनेछ ।

**११. वडा बाल संरक्षण समितिको गठन :** वडामा देहाय बमोजिमको एक वडा बाल संरक्षण समिति गठन गरिने छ :-

(क) वडा अध्यक्ष - सदस्य

(ख) वडाका निर्वाचित सदस्यहरु - सदस्य

(ग) संरक्षक शिक्षकहरु मध्येबाट १ जना - सदस्य

(घ) महिला स्वास्थ्य स्वयम्सेविकाहरुमध्येबाट १ जना - सदस्य

(ङ) सम्बन्धित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत ग्रैहसरकारी संस्थाहरु मध्येबाट १ जना - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिबाट १ जना - सदस्य

(छ) वडा बालक्लव सञ्जालबाट कम्तीमा १ बालिका सहित २ जना - सदस्य

(ज) वडाको अपाङ्गता भएकाहरुको प्रतिनिधि १ जना - सदस्य

(झ) बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति - सदस्य

**१२. वडा बाल संरक्षक समितिको, काम, कर्तव्य र अधिकारः** वडा वाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सम्बधित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बाल क्लब, मञ्च, समूह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको सम्बर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने/गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी नगरपालिकाका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने ।

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गरी बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको सञ्चालन गर्नका लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बाल अधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) बालबालिकाको निम्ति आकस्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मनावीय) व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र नगरपालिकालाई बाल संरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(झ) बाल क्लव, वडा बाल क्लव सञ्जाल, सरोकारवालाहरु र नगरपालिका बीच समन्वय र सम्पर्क गर्ने ।

(ञ) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति नगरपालिकामा पेश गर्ने ।

(ट) शिक्षा, स्वास्थ्य लगायका क्षेत्रको वार्षिक योजनामा समेत बाल संरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

(ठ) बाल संरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरु (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि नगरपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा निजी क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारिसको प्रबन्ध मिलाउने

(ड) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालिन प्रभाव पर्ने (आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता) कार्यहरु हुन नदिन नियमित अनुगमन गर्ने ।

(ढ) बालकालिकासँग सम्बन्धित दिवसहरु पालिका स्तरीय नियकाहरुसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

**१३. समितिको बैठक सम्बन्धी व्यवस्था :** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय अनुसार रहनेछ :-

(क) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गुणपरक संख्या पुगेको मानिने छ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ ।

(घ) वडाभित्र आवश्यकताका आधारमा वडा बाल संरक्षण समितिलाई सहयोग गर्न समुदाय स्तरमा ७ सदस्यीय बाल संरक्षण समितिहरु गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लव, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम्सेविका, स्थानीय बाल अधिकार अभियन्ता मध्येबाट रहनेछन् । यो समितिको पदावधि २ वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

(ङ) वडा बाल संरक्षण समितिको पदावधि पाँच वर्षको रहने छ ।

**१४. विद्यालय बाल संरक्षण समितिको गठन :** नगरपालिकाका प्रत्येक विद्यालयहरुमा निम्नानुसारको विद्यालय बाल संरक्षण समिति गठन गरिनेछ ।

(क) प्रधानाध्यापक वा निजले तोकेको शिक्षक १ जना - संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिबाट १ जना - सदस्य

(ग) अभिभावक मध्येबाट शिक्षक अभिभावक संघको तोकेको अभिभावक १ जना - सदस्य

(घ) शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको प्रतिनिधि (उपलब्ध भएसम्म महिला शिक्षक अनिवार्य) १ जना - सदस्य

(ङ) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बाल क्लबको प्रतिनिधि (१ जना छात्र र १ जना छात्रा) २ जना - सदस्य

(च) विद्यालय स्तरीय बाल क्लब संरक्षक शिक्षक १ जना -सदस्य(सचिव)

**१५. विद्यालय बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार :** विद्यालय बाल संरक्षण समितिको काम, कर्तव्य देहाय बमोनिम हुनेछ :-

(क) विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशन, २०६८ तथा अन्य बालबालिका सम्बन्धी नीतिगत व्यवस्थाहरुलाई विद्यालय तहमा कार्यान्वयनमा ल्याउन अगुवाई गर्ने तथा बाल संरक्षण सम्बन्धी विद्यालयस्तरीय वार्षिक कार्ययोजना तयार गर्ने ।

(ख) विद्यालयलाई बालमैत्री तथा शान्तिक्षेत्र बनाउनका लागि आवश्यक आचारसंहिता सहभागितामूलक ढङ्गले निर्माण गर्ने र सोको कार्यान्वयन भए नभएको अनुगमन गरी रेकर्ड राख्ने ।

(ग) विद्यालयमा बालअधिकार हनन्का घटनाहरुको सन्दर्भमा सत्य तथ्य सङ्कलन गर्ने तथा विद्यार्थी, शिक्षक लगायतबाट आएका गुनासो, उजुरी एवं सुझावहरु लिई सोको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने, गराउने तथा सोको जनाकारी र आवश्यक कारवाहीको सिफारिस वडा बाल संरक्षण समितिलाई प्रदान गर्ने ।

**१६. विद्यालय बाल संरक्षण समितिको बैठक सम्बन्धी व्यवस्थाः** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय अनुसार रहनेछ :-

(क) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ ।

(घ) विद्यालय बाल संरक्षण समितिले आफ्नो कार्यप्रगति वडा बाल संरक्षण समितिमा अनिवार्य पेश गर्नु पर्नेछ ।

(ङ) विद्यालय बाल संरक्षण समितिको पदावधि २ वर्षको रहने छ ।

**१७. बाल क्लव र बाल क्लव सञ्जालको गठन :** (१) प्रत्येक विद्यालयमा एक स्थायी बाल क्लव अनिवार्य रहने छ । विद्यालयका सबै विद्यार्थीहरु यसका सदस्य रहने छन् । बालबालिकाको भेलाबाट बाल क्लवको बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जसमा कम्तीमा ५० प्रतिशत बालिका सहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चिता गरिने छ । बाल क्लवको गठन तथा अद्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकी विद्यालयको सिफारिस र सम्बन्धित वडाको सिफारिस समेतको आधारमा नगरपालिकामा सूचीकृत गरिने छ । नगरपालिकाले रितपूर्वक अनुसूची ३ को ढाँचामा निवेदन आएका बाल क्लवहरुलाई आवद्धता/सूचीकृतको अनुसूची ४ अनुसारको प्रमाणपत्र र अनुसूची ५ अनुसारको बाल क्लवको विधान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी बाल क्लवहरुलाई उपलब्ध गराउनु पर्नेछ र अनुसूची ६ अनुसारको ढाँचामा बालक्लव सूचीकरण र नवीकरण दर्ता किताब राख्नु पर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख भए तापनि विद्यालयको हकमा बाल क्लवमा सदस्य हुनको लागि ८ वर्ष उमेर पुरा भई १८ वर्षसम्मको हुनुपर्नेछ । कक्षाको हकमा कक्षा ५ बाट सुरु भएको हुनेछ ।

(३) समुदायको हकमा बालबालिकाको भेलामा बढीमा २१ सदस्यीय बाल क्लव गठन गरी, संरक्षक तोकी एक महिना भित्र सम्बन्धित वडाको सिफारिसमा नगरपालिकामा सूचीकृत हुनु पर्नेछ ।

(४) सूचिकृत बाल क्लवहरु हरेक वर्ष अद्यावधिक हुँदा सम्बन्धित समूहले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल क्लवको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिका नामावली, संरक्षकको नाम र सम्पर्क ठेगाना र बाल क्लवले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्यप्रगति सलंग्न गर्नु पर्नेछ ।

(५) आवद्धता तथा सूचीकरणका लागि बाल क्लवको नाम भेलामा सहभागी बालबालिकाले आपसी सहमतिमा जुराउन सक्ने छन् । बाल क्लवको नाम त्यसै क्षेत्रको अर्को बाल क्लबको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन ।

(६) बाल क्लबको नामसँग कुनैपनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन । तर विद्यालय स्तरीय बाल क्लबले आफ्नो नाममा विद्यालयको नाम जोड्न सक्ने छन् ।

(७) बाल क्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरुको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन् ।

(८) बाल क्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बाल क्लवले विभिन्न उपसमितिहरु निर्माण गर्न सक्नेछ ।

**१८. बाल क्लवको बैठक सम्बन्धी व्यवस्था :** (१) सबै सहभागीहरुका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा कम्तीमा महिनाको १ पटक बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) नियमित बैठक तथा छलफलका विषयहरु:

(क) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनु पर्नेछ ।

(ख) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

(ग) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

(घ) बैठकमा सामान्यतया निम्न प्रस्तावहरुमा छलफल हुन सक्नेछ :-

(१) अघिल्लो बैठक पछि भएका कार्यक्रम तथा प्रगतिहरुको समिक्षा,

(२) बाल क्लवको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरुको धारणा,

(३) स्थानीय बाल अधिकारको सवाल र गर्नुपर्ने गतिविधि,

(४) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु ।

**१९. बाल क्लव सञ्जालहरुको गठन :** (१) बाल क्लबहरु बीच आपसी समन्वय, सहयकार्य बढाउने तथा सवालहरुको सामूहिकीकरण गर्न, बाल सहभागितालाई संस्थागत गर्न र एक आपसबाट सिकाईका अवसर सिर्जना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिने छ ।

(२) बाल क्लब सञ्जाल वडा स्तर तथा नगरपालिका स्तरका हुने छन् । प्रत्येक वडामा १ वडा बाल सञ्जाल तथा नगरमा १ वटा नगर बाल सञ्जाल अनिवार्य रहने छ । सबै बाल सञ्जालको आबद्धता वडा समितिको सिफारिसमा नगरपालिकासँग रहने छ । वडा बाल सञ्जालको संरक्षक वडा अध्यक्ष रहने छन् र नगर बाल सञ्जालको संरक्षकत्व प्रमुखले ग्रहण गर्ने छन् ।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (नगरपालिका र वडा) तहमा बाल क्लवहरुका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नुपर्नेछ ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरुलाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नु पर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :-

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरु,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लवहरुको प्रतिनिधि संख्या ( जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेत),

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु ।

(५) बाल क्लवका प्रतिनिधिहरुले भेलामा सहभागी हुन देहायका शर्त पुरा गर्नु पर्नेछ ।

(क) आफ्नो बाल क्लवमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ ।

(ग) समुदायका आधारित बाल क्लवको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(६) बाल क्लवले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

(७) सञ्जाल भेलामा सहभागी हुने बाल क्लव प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोवास भएको हुनु पर्नेछ ।

(८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा १७ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेृत्वको पुनः गठन प्रत्येक वर्ष गर्नु पर्नेछ ।

२०. **नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन :** (१) बाल क्लव तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माफ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) समक्षमताका प्रतिस्पर्धीहरुलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई उपसमितिहरुको गठनबाट विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरुको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिने छ ।

(४) बालबालिका माफ हुने प्रतिस्पर्धामा वयस्कहरुको प्रभाव, स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनु पर्नेछ ।

(५) वडा तथा नगरपालिकाहरुमा गठन भएका बालक्लव सञ्जालहरु गठन भएको एक महिनाभित्र पालिका र तिनका वडा कार्यालयमा सूचीकृत गर्नु पर्नेछ । वडा कार्यालयमा सूचीकृत भएका बाल सञ्जालको विवरण वडा कार्यालयवाट नियमित रुपमा नगरपालिकामा पठाउनु पर्नेछ ।

(६) सूचीकृत भएका बाल क्लव सञ्जालहरुले हरेक वर्ष अद्यावधिक गरी सम्बन्धित वडा तथा नगरपालिका कार्यालयमा नवीकरण गर्नु पर्नेछ । यसरी अद्यावधिक हुँदा सम्बन्धित सञ्जालले अद्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले

अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरुको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ ।

**२१. बाल क्लव तथा बाल क्लव सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) समूहको बैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने,

(२) समूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने,

(३) समूहको आम्दानी, खर्चको हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने,

(४) समूहको निर्णय नगरपालिका, वडा र नगर बाल संरक्षण समितिमा कार्यान्वयन गर्ने गराउने,

(५) समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने,

(६) उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने,

(७) सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने,

(८) बाल समूह, नगर बाल संरक्षण समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने,

(९) तोकिएको अन्य कार्य गर्ने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भै कार्य गर्ने,

(२) तोकिएको अन्य काम गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकारः**

(१) समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(२) बालबालिका वा बाल समूहसँग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने,

(३) समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने,

(४) समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने,

(५) समूहको प्रशासकीय कार्य गर्ने,

(६) अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने,

(७) अध्यक्षको निर्देशनमा तोकिएको अन्य कार्य गर्ने ।

**(घ) सहसचिवको काम, कर्तव्य र अधिकार :**

(१) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने,

(२) तोकिएको अन्य कार्य गर्ने ।

**(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) क्लव/समूहको आयव्यय दुरुस्त राख्ने,

(२) आर्थिक बजेट तयार गरी समूहको बैठकमा पेश गर्ने,

(३) आर्थिक सहयोग जुटाउने,

(४) आर्थिक कारोवार सम्बन्धी जिम्मेवारी पूरा गर्ने ।

**(च) सदस्यको काम, कर्तव्य र अधिकारः**

(१) बैठकमा सहभागी हुने,

(२) निर्णयको लागि आफ्नो मत पेश गर्ने,

(३) तोकिएको कार्य गर्ने,

(४) समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने,

(५) क्लवका विभिन्न गतिविधिहरुमा सहभागी हुने ।

२२. **बाल क्लवको योजना निर्माण :** (१) देहायका अवस्थालाई ध्यान दिई बालबालिका सम्बन्धी योजना निर्माण गर्नु पर्नेछ ।

(क) बाल क्लवको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्नेछ । यसरी योजना निर्माण गर्दा वार्षिक कम्तीमा ३ वटा कार्यक्रम राख्नु पर्नेछ ।

(ख) बाल क्लवको कार्यक्रम तथा योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनु पर्नेछ ।

(२) बाल क्लवको कार्यक्रम मूलतः देहायको विषयमा केन्द्रीत हुनु पर्नेछ :-

**(क) बाल अधिकारको प्रचार प्रसारः** बालबालिकाले नगरपालिकामा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बाल अधिकारका बारेमा प्रचार प्रसार गर्ने ।

(ख) **बाल अधिकार अनुगमनः** बाल क्लवहरुले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरुको क्लवमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बाल अधिकारको अवस्थाको अनुगमन गर्न सक्ने छन् । बाल क्लवले अनगुमनबाट देखेको विषयहरु विद्यालय व्यवस्थापन समिति, नगरपालिकाको कार्यालय, नगर शिक्षा समिति, बाल संरक्षक समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्ने छन् ।

(ग) **सेवाका लागि सम्प्रेषण र सुझावः** बाल क्लवहरुले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट बञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरु आएमा नगरपालिका तथा वडाको बालबालिका डेक्स मार्फत सेवा प्रदायक संस्थाहरुसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्ने लगायत यस्ता बालबालिकाको विकास र सरंक्षणमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

(घ) **शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरुः** बाल क्लवहरुको सदस्यहरुका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरु, खेलकुदका गतिविधिहरु, बाल भित्तेपत्रिका, वक्तृत्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु सञ्चालन गर्न सकिने छ ।

(ङ) **सामुदायिक स्वयं सेवाः** (१) बाल क्लवका १४ वर्षभन्दा माथिका बालबालिकाले सुरक्षित ढंगले वयस्कहरुको साथमा गर्ने सामुदायिक स्वयंसेवाका कार्यहरु गर्न सक्ने छन् । तर यस्तो समुदायिक स्वयंसेवाका कार्य दैनिक ६ घण्टाभन्दा बढी र लगातार ३ घण्टाभन्दा बढी हुने छैन ।

(२) सामुदायिक स्वयंसेवाका कार्यहरुमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनु पर्नेछ ।

(३) प्रचलित कानून बमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्ने छैनन् ।

(४) सामुदायिक स्वयंसेवाका कार्यहरुमा बालबालिकालाई सहभागी गराउनु पूर्व बालबालिकालाई सम्पर्क व्यक्ति मार्फत बाल संरक्षण समितिको अनुमति अनिवार्य लिनुपर्नेछ ।

(च) **निर्णय प्रक्रियालाई प्रभावित पार्नेः** बाल क्लवहरुले सामूहिक रुपमा वा प्रतिनिधि मार्फत बाल अधिकारका सरोकारहरुलाई स्थानीय योजना तथा नीतिहरुमा सम्बोधन गराउनका लागि बाल भेला, अर्न्तक्रिया, बाल सनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरु गर्न सक्नेछन् ।

(छ) उपयुक्त कार्यक्रम बाहेक बाल सञ्जालले वार्षिक योजना तर्जुमा भेलामा आएका विविध विषयवस्तुलाई समेट्ने गरी विभिन्न कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

२३. **बाल क्लव तथा सञ्जालले सञ्चालन गर्न नसक्ने कार्यक्रमहरुको सीमा :** (१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।

(२) समुदायको सार्वजनिक वा निजी सम्पति दुरुपयोग तथा कसैको जिउ ज्यान माथि क्षति पुऱ्याउने कार्य गर्न ।

(३) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य गर्न ।

(४) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरु गर्न ।

(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु गर्न तर प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरुले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालयभन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति वेगर सहभागीहरुको जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउने कार्यहरु गर्न ।

(७) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु गर्न ।

(८) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरु सञ्चालन गर्ने कार्य गर्न।

(९) आर्थिक जिम्मेवारी लिई गरिने कार्यहरु गर्न ।

(१०) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न।

(११) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई बाल अधिकारकर्मी, नगरपालिका बाल संरक्षण समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु गर्न।

## परिच्छेद ३

## कोष सम्बन्धी व्यवस्था

**२४. बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल कल्याण कोषको व्यवस्था :** (१) नगरपालिका तथा वडा स्तरमा एक/एक वटा बाल कल्याण कोषको स्थापना गरिने छ ।

(२) बाल कल्याण कोषमा देहाय बमोजिमको रकम रहने छ :-

(क) नगरपालिकाबाट विनियोजन गरिएको रकम,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,

(घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य विविध श्रोतबाट प्राप्त हुन आएको रकम ।

(३) बाल कल्याण कोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका निम्नानुसारका बालबलिकाको संरक्षण तथा सम्बर्द्धनका लागी निम्न शीर्षकमा खर्च गर्न सकिने छ ।

(क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(ख) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(ग) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

(ङ) दूर्घटनमा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(च) बाबु वा आमा कारगार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारण वेवारिस भएको,

(छ) यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(ज) हिंसाबाट प्रभावित भएको,

(झ) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,

(ञ) अपाङ्गता भएको,

(ट) सुस्त मनस्थिति भएको,

(ठ) अपहरण वा शरीर बन्धकमा परेको,

(ड) सडक बालबालिका,

(ढ) एच.आई.भि.एड्स सङ्क्रमित भएको,

(ण) जन्मने बित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण विहिन अवस्थामा परेको शिशु,

(त) विभिन्न कारणबाट आमा बुवाबाट त्यागिएका,

(थ) बाल संरक्षण समितिको सिफारिसमा समितिले तोकेका अन्य बालबालिका ।

(४) दफा ३ मा उल्लेख भए बाहेकको अन्य शीर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(५) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्च रकमको १० प्रतिशतसम्मको रकम कोष सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

२५. **कोष सञ्चालन समिति गठन :** (१) पालिकामा बालकोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बालकोष सञ्चालक समिति रहने व्यवस्था हुनेछ :-

| | |
|---|---|
| (क) अध्यक्ष, स्थानीय बाल अधिकार समिति | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (घ) स्थानीय बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना | - सदस्य |
| (ङ) बाल कल्याण अधिकारी | - सदस्य सचिव |

२६. **कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागु गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ञ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**२७. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको ५१% सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्य पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा, खर्च गर्ने सक्ने छन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ ।

**२८. कोषको खाता सञ्चालनः** (१) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालनका लागि नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

**२९. रकम फ्रिज नहुने :** प्रचालित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**३०. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिने छ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**३१. प्रतिवेदन पेश गर्ने :** समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

## बालबालिकाको संस्थागत सहभागिता

**३२. नगरपालिका तथा मातहतका समितिहरुमा बाल सहभागिताः** नगरपालिका तथा सो मातहत रहेका विद्यालय व्यवस्थापन समिति, वडा बाल संरक्षण समिति, नगर बाल संरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, नगर शिक्षा समिति, स्थानीय विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबलिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समितिहरुमा बालबालिकाको संस्थागत सहभागिता तथा प्रतिनिधित्वको व्यवस्था गरिने छ ।

**३३. योजना तर्जुमामा बाल प्रतिनिधित्वको व्यवस्थाः** (१) नगरपालिकाबाट हुने योजना निर्माणको सम्पूर्ण चक्रमा बालबालिकाको संस्थागत प्रतिनिधित्व र सहभागिता अनिवार्य हुनेछ ।

(२) वस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरुलाई निमन्त्रण गरिने छ । भेलामा उनीहरुको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिने छ ।

(३) नगर स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागी बालबालिकासँग परामर्श लिइने छ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनामा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेट बारे छुट्टै सार्वजनिक सूचना जारी गर्न सकिने छ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनु पर्नेछ ।

**३४. विविध क्षेत्रमा बाल सहभागिता:** (१) नगरपालिकामा क्रियाशील विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरु लक्षित कार्यक्रम, निर्माण तथा योजना प्रक्रियामा बाल समूहका प्रतिनिधिहरुसँग परामर्श गर्नु पर्नेछ ।

(२) यस्ता संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरुको बारेमा प्रचारप्रसार गर्न, सेवाको विषयमा सरोकारवाला बीच सञ्चार एवं कार्यक्रमहरुको बारेमा प्रभावकारिताको अनुगमन गर्न बाल समूहसँग सहकार्य गर्न सक्ने छन् ।

(३) सेवा प्रदायक निकायहरुले बाल समूहका सदस्य तथा बाल समूहसँग सहकार्य र परामर्श कार्यहरु गर्दा उनीहरुको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिने छैन ।

(४) सेवा प्रदायक निकायहरुले बाल समूहका सदस्यहरुलाई अनिवार्य सहभागिताको नियम लागु गर्न सक्ने छैनन् ।

(५) सेवा प्रदायक निकायहरुले बालबालिकालाई जोखिमपूर्ण हुने, विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरुको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्ने छैनन् । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्न यसले बाधा पर्ने छैन ।

(६) सेवा प्रदायक निकायहरुले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याल प्रदान गर्न सक्ने छैनन् । तर यतायात खर्च, खाजा/खाना खर्च र सहायक सामग्री दिन फरक पर्ने छैन ।

**३५. बाल सहभागिता गराउँदा ध्यान दिनुपर्ने:** (१) बाल सहभागिता गराउँदा बालबालिकालाई अनुसूची ७ बमोजिमका मापदण्डहरुलाई अनिवार्य पालना गर्नु पर्नेछ ।

(२) नगरपालिका तथा अन्य संस्थाले बालबालिका स्वयं तथा वयस्क सरोकारवाला तथा बाल सहभागिता गराउने निकायहरुको बाल सहभागीता सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गराउने छन् ।

## परिच्छेद ५

## विविध

**३६. स्रोतको व्यवस्थापन :** नगरपालिका तथा वडाले बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**३७. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालसंरक्षण तथा सम्बर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लव, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**३८. व्याख्या, संशोधन र खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**३९. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

(दफा ५ को (ज) सँग सम्बन्धित)

## बालमैत्री स्थानीय शासनका सूचकहरु

**बाल बचाऊ**

- गर्भवती महिलाहरुले कम्तीमा प्रसुती पूर्व र प्रसुती पश्चात् आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् ।
- गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनेछन् ।
- गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् ।
- दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनेछन् ।
- ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् ।
- ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ ।
- १ वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप ( बि.सि.जि., डिपिडि, हेपटाइटिस बि, हेब ३, पोलियो, दादुरा मात्रा) प्राप्त गरी पूर्ण खोपयुक्त घोषण भएको हुनेछ ।
- एच्आईभी सङ्क्रमित आमाबाट जन्मिएका सबै बालबालीकाले ARV Prophylaxis पाएका हुनेछन् ।
- सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको हुनुपर्नेछ ।
- कम तौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ ।
- अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ ।
- सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ ।
- चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ ।
- प्रत्येक घरपरिवारले शौचालयको प्रयागे भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ ।

**बाल संरक्षण**

- ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ ।

- निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ ।
- नगरपालिकामा बाल विवाह मुक्त भएको हुनेछ ।
- घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ ।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ ।
- नगरपालिका/समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् ।
- नगरपालिकामा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ ।
- नगरपालिकामा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् ।
- कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् ।

**बाल विकास**

- ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (अपाङ्गता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ।)
- ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेको हुनेछन् ।
- प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ ।
- सबै विद्यालयका पूर्वधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् ।
- प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।
- सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् ।

**बाल सहभागिता**

- नगरपालिकामा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् ।
- नगरपालिकाका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भई क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् ।
- ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ ।
- नगरपालिकामा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ ।
- बालभेलाबाट माग भै आएका योजनाहरु नगरपालिकाको योजनामा समावेश भएका हुनेछन् ।

**संस्थागत सूचकहरु**

- वडा/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेका हुनेछन् ।
- नगरपालिकाले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् ।
- नगरपालिकामा कम्तीमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ ।
- बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा नगरपालिकाको विकास योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।
- नगरपालिकाको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र नगरपालिका तहमा बालभेलाले प्राथमिकता तोकेका विषयलाई नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ ।
- नगरपालिकामा स्थिति पत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रहरुले नगरपालिकाले तोकेको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।

- विद्यालयले कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् ।
- आधारभूत शिक्षा पश्चात् विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् ।
- नगरपालिकामा रहेका प्रहरी (कार्यालयमा) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ ।
- विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधानहरु नगरपालिकाले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन् ।
- नगरपालिकाको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था हुनेछ ।
- बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ ।
- नगरपालिकाको विपद व्यवस्थापन योजनामा विपदको समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ ।
- विपदको समयमा बालबालिका तथा अपाङ्गगता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ ।

## अनुसूची २

(दफा ९(क) सँग सम्बन्धित)

## बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनमा नगरपालिका वा वडाले सम्बोधन गर्ने क्रियाकलापहरु

### १. बाल बचाऊ

| | |
|---|---|
| नगरपालिकाका स्वास्थ्य संस्थामा खोप/औषधिको पर्याप्तता ☐ | • नगरपालिकाका स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधि तथा खोपको सुनिश्चितता गर्ने,<br>• स्वास्थ्य बिमा लागू भएका क्षेत्रहरुमा सबै बालबालिकाको स्वास्थ्य बिमा प्रबर्द्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य बिमा गराउने प्रबन्ध गर्ने । |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरुको प्रभावकारी सम्बोधन | • किशोर किशोरीलाई मूलतः यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोपनीयता कायम गर्न स्वस्थ्यकर्मीहरुलाई संवेदनशील बनाउने । |
| गर्भावस्था वा प्रसुति पछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण । | • जनचेतना अभिवृद्धिका लागी स्वास्थ्य केन्द्रहरुको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्ने,<br>• विभिन्न स्थानहरुमा शिविरहरु सञ्चालन गर्न लगाउने,<br>• गर्भवती परीक्षणको लागि निश्चित दिन तोकी गर्भवती महिलालाई पोषणयूक्त खानाको व्यवस्था गर्दै तालिमको व्यवस्था गर्ने । |
| स्वास्थोपचारको क्रममा हिंसाजन्य कारणको आभास हुनु | • कुनै पनि बालबालिकालाई स्वास्थोपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा कुनै व्यक्तिको लापरवाही/दुर्व्यवहार, हिंसा वा जोखिममा पर्न गएको आभास भएमा स्वास्थ्यकर्मीले सो बारे नजिकको प्रहरी/बाल कल्याण समिति/सम्बन्धित निकायमा |

| | |
|---|---|
| | जानकारी गर्ने व्यवस्था गर्ने । |

## २. बाल संरक्षण सम्बन्धी प्रमुख विषय तथा कार्यहरु

| विषयहरु | सम्बोधन कार्यहरु |
|---|---|
| विविध कारणहरुले सडक लगायतका सार्वजनिक स्थानमा आश्रित बालबालिका | • बालबालिका सडकमा आउने कारक तत्वहरुबारे अभिभावक तथा समुदायलाई सचेतना गर्ने,<br>• परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिकाको लागी पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्ने,<br>• सडकमा जीवनयापन गरिरहेका बालबालिकाहरुलाई सेवा प्रदायक संस्थासँग समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापन गर्ने, परिवारिक तथा सामाजिक पुनर्मिलन, पुनस्थार्पान, पुनः एकीकरण गर्ने,<br>• सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र सञ्चालनमा सहयोग गर्ने । |
| अनाथ, असहाय वा बेवारिस अवस्थाका बालबालिका | • कुनैपनि कारणबाट अनाथ, असहाय वा बेवारिस भएका बालबालिकाको पहिचान गरी सूचना अद्यावधिक गर्ने,<br>• यस्ता बालबालिकाका लागी अस्थाई आवास तथा पुनर्स्थापनाको व्यवस्था गर्ने,<br>• यस्ता बालबालिकाको परिवार वा आफन्तको खोजी गरी परिवारमा पठाउने,<br>• परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागी आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्ने,<br>• वैकल्पिक स्याहार प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरुको पहिचान तथा सूचीकरण गर्ने । |
| अपाङ्गता भएका बालबालिका | • अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने र |

| | |
|---|---|
| | परिचय पत्रको व्यवस्था गर्ने गराउने,<br>● अपाङ्गता भएका बालबालिकाको लागी आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रवृत्ती जस्ता सेवाहरुको नक्साङ्कन तथा सूचीकरण गर्ने,<br>● सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, सञ्चालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैर सरकारी तथा निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।<br>● अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ बमोजिमका अन्य कार्यहरु गर्ने |
| बाल विवाह | ● बाल विवाह आर्थिक, सामाजिक तथा स्वास्थ्य एवं व्यक्तित्व विकास सम्बन्धी असर र कानूनी प्रावधान आदि बारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने,<br>● बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई बुझाई तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बाल विवाह नगर्ने वातावरण निर्माण गर्ने,<br>● बाल विवाहका घटनाको दर्ता र सोको महत्वबारे समुदायमा सचेतना गर्ने । |
| बालश्रम, हलिया प्रथा,<br>कमलरी प्रथाको अन्त्य<br>गर्ने गराउने | ● बालश्रम हुने सम्भावित निजी तथा व्यवसायिक क्षेत्रको नियमित अनुगमन गर्ने,<br>● बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने/नगराउने,<br>● निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषणा तथा हरियो झण्डा अभियान ( बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेष्टुरेन्ट, उद्योग तथा कलकारखाना आदि) सञ्चालन गर्ने,<br>● हलिया, कमलरी, घरेलु बालश्रमिक विरुद्ध बालश्रमिक हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरुमा पहुँच स्थापना गर्ने |

| | |
|---|---|
| | • गैर कानूनी रुपमा श्रममा लगाइएका बालबालिकाको लागि |
| बालबालिकाको बेचविखनको अन्त्य | • देश भित्र तथा देश बाहिर हुने बालबालिकाको बेचबिखन विरुद्ध अभिभावक तथा बालबालिकालाई सञ्चार माध्यम, स्थानीय समूह, बाल क्लव, विद्यालय लगायत विभिन्न माध्यमबाट सचेतना गर्ने,<br>• बालबालिकाको बेचबिखन रोक्नका लागी नेपाल प्रहरी तथा संघ संस्थाहरुसँगको समन्वयमा नगरपालिकाका मुख्य नाकाहरुका चेकपोष्टहरुको व्यवस्था गर्ने,<br>• बेचविखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपतकालीन संरक्षण, परामर्श, कानूनी उपचार तथा जिवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । |
| अनुशासनको नाममा दिइने शरीरिक तथा मानसिक दण्ड सजाय | • घर, समुदाय, बाल विकास केन्द्र, विद्यालय, आवासीय बाल गृह, बाल सुधार गृह, उपचार केन्द, कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्ड सजाय दिएमा हुन सक्ने सजाय तथा कानून बारे प्रचार प्रसार गर्ने,<br>• विद्यालयमा भय रहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने । |
| यौन शोषण वा दुर्व्यवहार | • बालबालिका माथि हुने यौन शोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा समूह, बालबालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापहरुमा प्रशिक्षक आदिलाई सचेतना अभिवृद्धि गर्ने,<br>• शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । |
| हेपाई (बुलिङ) | हेपाईले बालबालिकाको मानसिक तथा वौद्धिक विकासमा |

| | |
|---|---|
| | नकारात्मक असर पुऱ्याई उनीहरुको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाई हुने सम्भावित स्थलमा (खासगरी विद्यालयमा) विभिन्न कार्यहरु आवश्यक पर्दछ, जस्तै:<br>● हेपाई नगर्ने र नगराउने बारे विभिन्न माध्यामबाट सचेतना गर्ने,<br>● हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानूनी कारवाही हुने देखिएमा सम्बन्धित अधिकारीको सहयोग लिने । |
| विपदमा बालबालिकाको संरक्षण | ● सम्भावित बाढी पहिरो आउने स्थानको पहिचान गरी सोको नियन्त्रणका लागि आवश्यक कार्य गर्ने,<br>● विपद प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रबन्ध मिलाउने,<br>● विपदमा परेका बालबालिकाको व्यवस्थापनका लागि आवश्यक अस्थायी सिकाइ केन्द्रहरुको व्यवस्थापनका लागी समन्वय गर्ने,<br>● विपदका कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| इन्टरनेट सुविधाको माध्यामबाट बालबालिका माथि हुन सक्ने जोखिम न्यूनीकरण | ● इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुन सक्ने हानी बारे शिक्षक, बालबालिका तथा अभिभावकलाई सचेतना गर्ने,<br>● इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानूनी उपचार लगायताका आवश्यक सहयोग गर्ने । |
| लागुपदार्थ दुर्व्यसनी तथा ओसारपसार | ● लागू पदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्ने ।<br>● दुर्व्यसनमा परेका बालबालिकाको पुनःस्थापनका लागी विभिन्न संघसंस्था तथा निकायहरुको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने,<br>● लागू पदार्थको ओसारपसारमा बालबालिकाको संलग्नतालाई नियन्त्रण गर्न सीमा क्षेत्रका नाकाहरुमा विशेष निगरानीको व्यवस्था गर्ने । |

## ३. बालबालिका सम्बन्धी प्रमुख विषय तथा कार्यहरु

| विषयहरु | सम्बोधन कार्यहरु |
|---|---|
| समयमा पाठ्यपुस्तकको उपलब्धता | • आफ्नो कार्यक्षेत्र भित्र रहेका विद्यार्थीहरुको संख्या एकीन गरी समयमै पाठ्पुस्तकको व्यवस्थापनका लागी नगरपालिकाले सम्बन्धित निकायसँग समन्वय गर्ने,<br>• सबै बालबालिकाले समयमै पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| छात्रवृत्तिको अनुगमन | • विविध समूहका बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिहरुको उचित ढंगले वितरण गरे नगरेको अनुगमन गर्ने । |
| अनुशासनका नाममा दण्ड सजाय दिइनु | • विद्यालयलाई दण्ड सजायमुक्त घोषण गर्न शिक्षकहरुलाई भयरहित शिक्षण सिकाई सम्बन्धी तालिम दिई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने,<br>• विद्यालयमा दण्ड सजायका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारवाही गर्ने गराउने । |
| विद्यालयमा शौचालय, सरसफाई सामग्री, खानेपानी लगायतका आधारभूत पूर्वाधार | • छात्र र छात्राको लागी छुट्टाछुट्टै, अपाङ्गमैत्री शौचालय भए नभएको अनुगमन गर्ने र नभएमा सोको व्यवस्था गर्ने गराउने,<br>• छात्राहरुका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने गराउने, सोको उपयोग तथा प्रयोग पश्चातको व्यवस्थापन गराउने,<br>• खानेपानीको उचित व्यवस्थापन गर्ने गराउने, |
| बालबालिकाको शैक्षिक नियमितता | • निःशुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने,<br>• विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानको लागी अभिप्रेरित गर्ने,<br>• आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्ने गराउने । |
| भेदभाव तथा हेपाइ | • विद्यालयहरुमा कुनैपनि दृष्टिकोणबाट विद्यार्थी विद्यार्थी बीच हुने वा विद्यार्थीमाथि हुन सक्ने कुनैपनि किसिमको भेदभाव, |

| | |
|---|---|
| | हेपाई, दुर्व्यवहार हुन नदिन विद्यालय बाल संरक्षण नीति/आचार संहिता बनाई लागु गर्ने,<br>● विद्यालयमा उजुरी पेटिका राख्नको साथै यस सम्बन्धी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समय समयमा अनुगमन गर्ने । |
| प्रारम्भिक बाल विकास केन्द्रको अनुगमन | ● आफ्नो कार्यक्षेत्र भित्र बालबालिकाको पहुँच हुने गरी प्रारम्भिक बाल विकास केन्द्रहरु सञ्चालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्री सञ्चालनका लागी सहजीकरण गर्ने । |
| विद्यालयमा मनोविमर्श सेवाको व्यवस्था गर्ने | ● प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मानोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालय कै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयूक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्ने । |
| विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | ● विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने<br>● आफ्नो कार्यक्षेत्र भित्र रहेका विद्यालयहरुमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने । |

## ४. सहभागिता सम्बन्धी प्रमुख विषय तथा कार्यहरु

| विषयहरु | सम्बोधन कार्यहरु |
|---|---|
| बाल क्लवको सूचीकरण तथा गठन | ● आफ्नो कार्यक्षेत्र भित्र रहेका विद्यालय तथा समुदायमा आधारित बाल क्लबहरुको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने,<br>● बाल संरक्षणका सवालहरु पहिचान तथा सम्बोधनका लागि बाल क्लवहरुको आवश्यक परिचालन गर्ने । |
| योजना तर्जुमामा बालसहभागिता | ● नगरपालिका स्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाका क्रममा बालबालिका सम्बन्धी विषयवस्तुका लागी बालबालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने,<br>● नगरपालिका अन्तर्गत गठन हुने विभिन्न समिति, उप समितिहरुमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउने (सदस्य वा आमन्त्रित) |

| | |
|---|---|
| बाल सहभागिता बारे सचेतना | • परिवार, विद्यालय, समुदाय, वडा तथा नगरपालिका स्तरमा बाल सहभागिताको महत्व बारे अवधारणागत स्पष्टताका लागी आवश्यक अन्तरक्रिया तथा अभिमुखीकरण गर्ने, |

५. **समावेशिता:** बालबालिकासँग सरोकार राख्ने विषयमा सहभागिता गराउँदा सबै प्रकारका बालबालिकाको समावेशीतामूलक सहभागिता गराउनु पर्नेछ ।

*स्पष्टीकरण: सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।*

६. **सुरक्षित तथा जोखिमबारे संवेदनशील:** बाल सहभागीता सुरक्षित तथा सहज वातावरणमा गर्नुपर्नेछ । बाल सहभागीता गराउने निकायले सहभागी बालबालिकाको सुरक्षाको उचित प्रबन्ध गर्नु पर्नेछ र सम्भावित जोखिम बारे सचेत, संवेदनशील तथा पूर्वतयार रहनु पर्नेछ ।

७. **जवाफदेहिता:** बाल सहभागीता गराउने निकायले बालबालिकालाई सहभागी गराउँदा वा उनीहरुको विचार लिँदा गलत आश्वासन नलिई उनीहरुको विचार कहाँ, कसरी र के प्रयोजनको लागी प्रयोग हुन्छ, सो बारे स्पष्ट जानकारी दिनुपर्नेछ । बालबालिकाको सहभागीता गराउँदा आफूसँग सरोकार राख्ने विषयहरुमा उनीहरुले दिएको विचारलाई गम्भिरता तथा प्राथमिकताका साथ हेरिनु पर्नेछ । तर यसरी बालबालिकाले उठाएका विषयवस्तु भुल वा अज्ञानतावश कुनै कानून वा सामाजिक व्यवस्थासँग बाझिन गएमा त्यसलाई अन्यथा लिन, अनावश्यक व्याख्या गर्न, विवाद गर्न वा उनीहरुले आफूलाई लागेको कुरा व्यक्त गरेकै आधारमा कुनै आरोप तथा लाञ्छना लगाउन पाइने छैन ।

## अनुसूची ३

(दफा १७ को उपदफा १ सँग सम्बन्धित)

**बालक्लव/सञ्जाल आबद्धताको लागि निवेदनको ढाँचा**

मितिः ........................

श्री पालुङटार नगरपालिका

नगर कार्यपालिकाको कार्यलय

ठाँटीपोखरी, गोरखा ।

विषयः बाल क्लव सूचिकृत/आबद्धता गरी पाऊँ ।

महोदय,

हामीले .................. नामको बाल क्लव खोल्न चाहेकोले पालुङटार नगरपालिकाबाट स्वीकृत बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७९ को दफा (१७) ले गरेको व्यवस्था बमोजिम समूह सूचीकृत/आबद्धता गर्नको लागी देहायको विवरण खोली निवेदन गरेका छौ । प्रस्तावित समूहको निर्देशिकाको एक प्रति, सिफारिस, बाल क्लव आबद्धता अभिलेख फाराम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

भवदीय

अध्यक्ष

बाल क्लव आबद्धताका लागि संलग्न गरिएका कागजातहरु :

१) अनुसूची ३ अनुसारको निवेदन,

२) अनुसूची ५ अनुसारको विधान २ प्रति,

३) बाल क्लवको निर्णय,

४) विद्यालयको हकमा विद्यालयको सिफारिस,

५) वडाको सिफारिस,

६) बाल क्लवको कार्यसमितिको बालबालिकाहरुको जन्म दर्ताको प्रतिलिपि

**अनुसूची ४**

(दफा १७ को उपदफा १ सँग सम्बन्धित)

**बाल क्लव सूचीकृत प्रमाणपत्रको नमूना**

**पालुङटार नगरपालिका**

**गोरखा जिल्ला**

**गण्डकी प्रदेश**

**नेपाल**

**सुचीकृत/आवद्धता प्रमाणपत्र**

आबद्धता नं.

मिति

श्री ........................ बाल क्लव,

.....................................

गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ......को .................. विद्यालय /समुदायमा गठन भएको ...................... बाल क्लवलाई यस नगरपालिकामा आवद्धता गरी बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७९ को दफा (१७) को उपदफा १ ले व्यवस्था गरे अनुसार आबद्धताको प्रमाणपत्र प्रदान गरिएको छ । बाल अधिकार संरक्षण र सम्बर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९ तथा सबै बालबालिका सम्बन्धी कानूनहरुको अधिनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागीताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

नवीकरणको फारामः

नवीकरण मितिः

नवीकरण गरिएको आ.व.

## अनुसूची ५

(दफा १७ को उपदफा १ सँग सम्बन्धित)

................बाल समूह वा क्लव

................................ को गठन तथा कार्य सञ्चालन निर्देशिका २०७९ (विधान)

**प्रस्तावनाः** राष्ट्र निर्माणको लागी बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले

उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र वौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शौक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले यो निर्देशिका तर्जुमा गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधानको नाम ............. बाल समूह/क्लव गठन तथा कार्य सञ्चालन निर्देशिका ...... रहने छ ।

(२) यो विधान नगरपालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ ।

**२. कार्यालयः** यस विधान बमोजिम गठित ................. बाल समूह/क्लव .......... को कार्यालय जिल्ला गोरखा, पालुङटार नगरपालिका वडा नं. ..... स्थित ........... स्थानमा रहने छ ।

**३. ठेगानाः** यस बाल समूह/क्लवको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः

..................................................................

**४. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "क्लव" भन्नाले यस विधानको धारा ६ अनुरुप गठित क्लव जनाउने छ । यो क्लवले पालुङटार नगरपालिकामा आवद्धता भएको बाल क्लवलाई जनाउनेछ ।

(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनाको लागी ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ ।

**५. उद्देश्य एवं कार्यहरुः** यस बाल समूहको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहने छन्ः

(क) बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिवृद्धी गर्ने ।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउने ।

(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिवृद्धि गर्ने ।

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकालाई बिना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने ।

(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचबिखन, बाल विवाह जस्ता सामाजिक बिकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सोको कानूनी उपचारको लागी आवश्यक कार्यहरु गर्ने ।

(च) बाल अधिकार सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ज) पूर्व बाल विकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउने ।

(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागीता गराउने ।

(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउने ।

(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्याङ्क संकलन गर्ने ।

(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन र समाधान गर्ने प्रयत्न गर्ने ।

(ड) जन्म दर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल), सरसफाई, खोप, पोषण, बाल स्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थ्यको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरुसँग सम्बन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाब मुक्त क्षेत्र बनाउने लगायतका विषयमा समाजमा जानकारी एवं सोको निराकरणको लागी चेतना जगाउनु ।

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्धन्द एवं दैवी प्रकोपबाट पिडित बालबालिकाहरुको पुनर्स्थापनाको लागी पहल गर्ने ।

(त) अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकीकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासको लागी अन्य विविध रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(द) एच.आई.भि. एड्सका सम्बन्धमा जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातीय भेदभाव एंव दाइजो प्रथा लगायत सामाजिक बिकृतिको विरुद्ध जनचेतना जगाउने ।

(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव सरिक गराउन पहल गर्ने ।

६. **बाल क्लवको गठनः** (१) बाल क्लवको गठन समूहका साधारण सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रक्रियाबाट हुनेछ । यस बाल क्लवको कार्य समितिमा निम्नानुसार पदाधिकारी हुने छन्:

(क) अध्यक्ष :

(ख) उपाध्यक्ष :

(ग) सचिव :

(घ) सहसचिव :

(ङ) कोषाध्यक्ष :

(च) सदस्यः घटिमा २ जना र बढिमा ८ जनासम्म

(छ) सल्लाहकार : आवश्यकतानुसार

(ज) संरक्षक : १ जना

(२) बाल क्लवको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

७ **सल्लाहकारः** बाल क्लवले सल्लाहाकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछः

(क) पूर्व बाल क्लवको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्धान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरु रहने छन् ।

८. **संरक्षकः** (१) बाल क्लवका संरक्षणमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था/व्यक्ति रहेका छन् । संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ ।

(२) विद्यालयमा एक जना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख संरक्षण शिक्षक रहने छन् ।

९. **पदावधिः** बाल क्लवको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागी सम्बन्धित बाल क्लवले आफू मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागी आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

१०. **पदाधिकारीको काम, कर्तव्य र अधिकारः** पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) क्लवको बैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने,

(२) क्लवको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने,

(३) क्लवको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्न लगाउने,

(४) क्लवको निर्णय र नगर बाल संरक्षण समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(५) क्लवको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने,

(६) उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने,

(७) सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने,

(८) बाल क्लव जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने,

(९) तोकिएको अन्य कार्य गर्ने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भै कार्य गर्ने,

(२) तोकिएको अन्य काम गर्ने ।

(ग) सचिवको काम, कर्तव्य र अधिकारः

(१) क्लवको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(२) बालबालिका वा बाल क्लवसँग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने,

(३) क्लवको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने,

(४) क्लवको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने,

(५) क्लवको प्रशासकीय कार्य गर्ने,

(६) अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने,

(७) अध्यक्षको निर्देशन बमोजिम तोकिएको अन्य कार्य गर्ने ।

घ. सहसचिवको काम कर्तव्य र अधिकारः

(१) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने,

(२) तोकिएको अन्य कार्य गर्ने,

(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) क्लवको आयव्यय दुरुस्त राख्ने,

(२) आर्थिक बजेट तयार गरी समूहको बैठकमा पेश गर्ने,

(३) आर्थिक सहयोग जुटाउने,

(४) आर्थिक कारोवार सम्बन्धी जिम्मेवारी पुरा गर्ने ।

(च) सदस्यको काम, कर्तव्य र अधिकारः

(१) बैठकमा सहभागी हुने,

(२) निर्णयको लागी आफ्नो मत पेश गर्ने,

(३) तोकिएको कार्य गर्ने,

(४) समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

**११. सदस्यताको योग्यता र खारेजी :**

**(अ) सदस्यताको योग्यताः** यस बाल समूहमा देहायका बालबालिका सदस्य हुन पाउने छन्ः

(क) उमेर कम्तिमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको

(ख) स्थायी सरुवा रोग नलागेको ।

(ग) मगज नबिग्रेको वा बौलाहा नभएको ।

(घ) समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।

**(आ) सदस्यताको खारेजीः**

(क) मगज बिग्रेमा वा वौलाहा भएमा,

(ख) १८ वर्ष उमेर नाघेमा,

(ग) मृत्यू भएमा,

(घ) राजिनामा दिएमा,

(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा,

(च) सदस्यता नवीकरण नभएमा,

(छ) लगातार तीन पटक बिना सूचना बैठकमा अनुपस्थित भएमा,

(ज) एकभन्दा बढी बाल समूहको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

१२. **समूहका पदाधिकारीको उमेरको हदः** बाल समूहका कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा आठ वर्ष पुगेको हुनु पर्नेछ र १८ वर्षसम्मको रहने छ ।

१३. **आरक्षणः** यस बाल समूहमा सामान्यतः सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत बालिकाहुनु पर्नेछ तर समूहमा पर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहने छ ।

१४. **सदस्यता शुल्क तथा नवीकरणः** (१) बाल समूहको शुल्क वा नवीकरण शुल्क वा अन्य कुनै शुल्क बाल समूहले तोके बमोजिम हुनेछ ।

(२) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ ।

१५. **बैठकः** बाल समूहले कम्तिमा महिनाको एक पटक बैठक बस्नु पर्नेछ । बैठकको गणपुरक संख्या ५१% को उपस्थितिलाई मानिने छ ।

१६. **निर्णयः** बाल समूहको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिने सक्नेछ ।

नोटः निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।

१७. **निर्वाचनः** बाल समूहले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

१८. **निर्वाचन अधिकृतः** बाल समूहले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्न पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

१९. **कोषः** (१) यस बाल समूहले आफ्नो नामबाट एउटा कोषको स्थापना गर्नेछ ।

(२) कोषको रकम मान्यता प्राप्त बैंक वा वित्तीय संस्थामा खाता खोली समूहका अध्यक्ष, कोषाध्यक्ष र संरक्षकको नामबाट सञ्चालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा समूहको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ । बाल समूह/ क्लवको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ । बैंकमा खाता खोल्नका लागी पालुङटार नगरपालिकाको अनिवार्य सिफारिस लिनुपर्नेछ ।

(३) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछः

(क) बालबलिकासँग सम्बन्धित निकायबाट प्राप्त सहयोग,

(ख) अन्य सहयोग, उपहारबाट प्राप्त रकम,

(ग) सदस्यता तथा नवीकरण शुल्कबाट प्राप्त रकम,

(घ) साँस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम,

(ङ) समूहको प्रकाशनबाट प्राप्त हुने रकम,

(च) बाल समूह जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम,

(छ) अन्य सामाजिक संघ संस्थाबाट प्राप्त रकम ।

२०. **प्रतिवेदनः** बाल समूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन बाल कल्याण समितिमा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गनुपर्नेछ ।

२१. **संशोधनः** बाल समूहको साधारण सभाको दुई तिहाई सदस्यहरुको बहुमतले निर्देशिका संशोधन प्रस्ताव पारित गराई नगरपालिकाबाट स्वीकृत भएमा संशोधित निर्देशिका लागु हुनेछ ।

२२. **बचाउः** यस निर्देशिकामा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन, नियम वा विनियमसँग बाझिएमा बाझिएको हदसम्म उल्लेखित कुराहरु स्वतः अमान्य हुनेछन् ।

२३. **समूहको खारेजी वा बिघटनः** कुनै कारणवश समूह खारेजीमा परेमा वा बिघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पति नगरपालिकाको संरक्षणमा सर्नेछ ।

२४. **विविधः**

(१) **साधारण सभाः** समूहको साधारण सभा साधारणतया वर्षको १ पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरु निर्णयार्थ समूहले पेश गर्नेछ । साधारण सभाको गणपुरक संख्या समूहका साधारण सदस्यहरुको ५१% को उपस्थितिलाई मानिने छ ।

(२) **कार्यविधि बनाउनेः** निर्देशिकाको उद्देश्य प्राप्तिको लागी समूहले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछ । साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछन् । यो समितिको कार्यविधि बाल समूह/क्लवले निर्धारण गर्नेछ ।

(३) **संशोधनः** समूहको निर्देशिका संशोधन गर्न परेमा निर्देशिका संशोधन प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णय भई नगरपालिकाबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

(४) **अविश्वासको प्रस्तावः** समूहको निर्देशिका विपरीत कार्य गरेको भनी समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुने छन् ।

(५) समूहले आफ्नो निर्देशिका एवं पदाधिकारी सदस्य सहितको नामावली नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**२५. समूहको छाप:** समूहको छापमा समूहको नाम, स्थापना वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ ।

**२६. समूहका कार्यसमितिका पदाधिकारीहरु:**

| क्र. स | पद | नाम, थर | पुरा ठेगाना (न.पा., वडा र टोल | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | सहसचिव | | | | |
| ५ | कोषाध्यक्ष | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |

नोट: १. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ ।

२. समूहका साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ ।

३. निर्देशिका बमोजिम आबद्धता एवं सूचीकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्बन्धित नगरपालिका वा विद्यालय वा सम्बन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफरिस संलग्न हुनु पर्नेछ । सिफारिस साथ कार्यसमितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

४. यस निर्देशिकाको प्रतिबद्धताको लागि बाल समूहको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुले निर्देशिकाको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ ।

५. आबद्धता वा सूचीकृत गर्दा दुई प्रति निर्देशिका रितपूर्वक तयार गरी पेश गर्नुपर्नेछ ।

**अनुसूची ६**

(दफा १७ को उपदफा १ सँग सम्बन्धित)

पालुङटार नगरपालिका

गण्डकी प्रदेश

**बाल क्लव सूचीकरणको दर्ता किताब**

बाल क्लव सूचीकरणको दर्ता किताब

| क.सं. | बाल क्लवको नाम | ठेगाना | बाल क्लवको सदस्य संख्या | | संरक्षकको नाम | स्थापना | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम, थर | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बाल क्लव सूचीकरण र नवीकरणको दर्ता किताब

| क.सं. | बाल क्लवको नाम | ठेगाना | बाल क्लवको सदस्य संख्या | | संरक्षकको नाम | स्थापना | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम, थर | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ७

(दफा ३५ उपदफा १ सँग सम्बन्धित)

## बाल सहभागिताका लागी पुरा गर्नुपर्ने मापदण्डहरु

१. **सुसूचित तथा पारदर्शीताः** बाल सहभागिता गराउँदा सहभागिता गराउने निकायले उनीहरुको सहभागिता कहाँ, किन, के का लागी र त्यहाँ सहभागीको के भूमिका अपेक्षित छ जस्ता विषयहरु बारे अग्रिम रुपमा पारदर्शी र बुझ्न सकिने सरल भाषामा समयमै सूचित गर्नु पर्नेछ ।

२. **स्वयंसेवीः** बाल सहभागिता स्वयंसेवी हुनु पर्नेछ । बालबालिकालाई कतै सहभागी हुन र आफ्नो विचार व्यक्त गर्न दबाब दिइने छैन ।

३. **सम्मानपूर्णताः** बालबालिकालाई कतै सहभागी गराउदाँ त्यहाँ उपस्थित अन्य वयस्कहरु सरह सम्मानित ढंगले गराउनु पर्नेछ । उसलाई कुनै विषय थाहा नभएको कारण वा अन्य जुनसुकै कारणले उसलाई हेप्न वा भेदभाव गर्न पाइने छैन ।

४. **सान्दर्भिकताः** बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा उनीहरुलाई यस कार्यविधि बमोजिम अनिवार्य सहभागी गराउनु पर्नेछ । तर बाल सहभागिता सान्दर्भिक नहुने कार्यमा तथा प्रचालित कानून तथा स्थानीय बाल संरक्षण समितिले बाल सहभागिता गराउन नहुने भनी तोकेका विषयमा बाल सहभागिता गराउन हुने छैन ।

५. **बालमैत्रीः** बाल सहभागिता गराउँदा बालबालिकाले बुझ्ने भाषा शैलीको प्रयोग, उपयुक्त वातावरणको व्यवस्थापन लगायत अन्य आवश्यक कार्य गरी सहभागी हुने बालबालिकालाई सहज तथा सरल हुने तथा बालमैत्री वातावरण निर्माण गर्नु पर्दछ ।

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत